नगर कार्यपालिका वैठक, वैठक संख्या ८/०७८/०७९

आज मिति २०७८ साल माघ १८ गते मंगलबार दिउँसो २:०० बजे धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री तिलक राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

**उपस्थिती:**

| क.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री तिलक राई | प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री मञ्जु भण्डारी सुवेदी | उप-प्रमुख | धरान उपमहानगरपालिका | |
| ३. | श्री रोशन अधिकारी | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री माधव गोविन्द श्रेष्ठ | वडा अध्यक्ष | धरान-२ | |
| ५. | श्री आशा कुमार श्रेष्ठ | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री मानबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुवनसिं वस्नेत | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जिवन सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| १०. | श्री रुद्र बहादुर लिम्बू | वडा अध्यक्ष | धरान-८ | |
| ११. | श्री रत्न बहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री श्रीप्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री बाबुलाल लामा | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश इवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री दिलकुमार गिरी | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पुर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री मणिराम राई | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | मृत्यु भएको |
| २४. | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | |
| २५. | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २६. | श्री गिता पाखिन | नगर कार्यपालिका सदस्य | धरान-७ | |
| २७. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २८. | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २९. | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| ३०. | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | |
| ३१. | श्री लक्ष्मी प्रसाद पौडेल | प्रमुख प्रशासकीय अधिकृत(सचिव) | धरान उपमहानगरपालिका | |

| क.सं. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | दिल बा० तामाङ | | २ | |
| २. | विकाश नेपाली | | ३ | |
| ३. | शोभा पुलामी राई | का.पा. आ.स. | १४ | |
| ४. | प्रेम ब० तामाङ | का. पा. आ.सदस्य | ८ | |
| ५. | श्री गणेश प्रसाद खतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | | |

१. बैठकको गणपुरक संख्यासम्बन्धमाः–

यस उपमहानगरपालिकाको कार्यपालिकामा जम्मा सचिव सहित ३१ जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा २० जना सदस्यहरूको उपस्थित रहेकोले गणपुरक संख्या पुरा भएको हुदाँ अध्यक्षवाट बैठक सुरु भएको जानकारी बैठकमा गराउनु भयो ।

२. अघिल्ला बैठकका निर्णयहरु कार्यान्वयनको समिक्षा सम्बन्धमाः–

यस भन्दा अघि मिति २०७८/०९/१४ गते र त्यसको निरन्तरतामा २०७८।०९।१६ गते कार्यपालिकाको बैठक बसेको थियो । उक्त १४ गते बसेको बैठकमा १४ वटा र १६ गते बसेको बैठकवाट ७ वटा निर्णयहरू भएका थिए । उक्त १४ गतेको बैठकवाट भएका सबै निर्णयहरू कार्यान्वियन भै सकेको पाईयो । त्यस्तै १६ गतेको वैठकबाट भएका निर्णयहरुभ मध्ये निर्णय नं. ५ को विगतका निर्माण सम्पन्न लिन रोकिएका घरहरूको कारण सहित विवरण तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने भनिएकोमा सो निर्णय कार्यान्वियन भएको सो सम्बन्धमा सम्बन्धित महाशाखाबाट विवरण तयार हुदै गरेको भन्ने जानकारी प्राप्त भएकाले चाडो विवरण तयार गरी पेश गर्न निर्देशन दिइयो ।

३. आ.ब. २०७७/०७८ को संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजा सम्बन्धमा :–

नेपाल सकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट स्वीकृत भएको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि अनुसार यस उप महानगरपालिकाको आ.ब. २०७७।०७८ को स्वमूल्याङ्न गरी जिल्ला समन्वय समितिमा पठाई जिल्ला समन्वय समितिवाट प्राप्त सुझाबहरू समेत समावेस गरी प्राप्त नतिजा आजको बैठकमा पेश भयो । उक्त कार्यविधिमा व्यबस्था भएको प्रत्येक क्षेत्रगत सूचकहरूको आधारमा मूल्याङ्कन गर्दा ६५.५ अंक प्राप्त भएकाले सो नतिजा स्वीकृत गर्ने निर्णय गरियो ।उक्त स्वमूल्याङ्कनको नतिजालाई वेभपेज मार्फत सार्वजनिक गर्ने साथै कार्यविधिमा व्यबस्था भए अनुसार सरोकारवाला निकायहरूमा पठाउने र चालु आ.ब.मा पूरा नभएका सूचकहरू पूरा गर्न पहल गर्ने समेत निर्णय गरियो ।

४. रैथानेबाली प्रबर्द्धन गर्ने सम्बन्धमा :–

यस उपमहानगरपालिका क्षेत्रमा रहेका कृषिजन्य पेशामा संलग्न समुह तथा व्यवसायीहरुलाई व्यवस्थापन तथा दीर्घकालिन बनाउन र सफल उद्यमीहरु उत्पादनका लागि स्थानीय तहको आवश्यकता अनुसार नेपाल सरकार माननीय मन्त्रीज्यूबाट मिति २०७८/०७/३० मा स्वीकृत भएको प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्त्रण भएका कृषि विकास कार्यक्रम सम्बन्धि कार्यविधि २०७८ अनुसार प्राप्त संघीय सरकारको सशर्त अनुदान रकमको आर्थिक विकास समितिको वैठकले तयार गरी आजको बैठकमा पेश भएको कार्यक्रम प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । साथै उक्त स्वीकृत प्रस्ताव अनुसार रैथानेबाली प्रबर्द्धन तथा कार्यक्रम संचालन गर्ने निर्णय गरियो।

५. जरिवाना छुट सम्बन्धमा ।

गत विगत आ.व. को वक्यौता कर तथा शुल्क नबुझाएवापत लाग्ने जरिवाना यहि २०७८/०७९ को पौष मसान्त सम्म बुझाएमा जरिवाना छुट हुने व्यवस्था भएकोमा हाल कोभिड महामारीको अवस्था विद्यमान नै रहेको समेतलाई मध्यनजर गर्दै उक्त छुट हुने अवधि २०७८ चैत्र मसान्त सम्म थप गर्न उचित देखिएकोले धरान उपमहानगरपालिका आर्थिक ऐन २०७८ को दफा २० बमोजिम चैत्र मसान्त सम्मको म्याद थप गर्ने निर्णय गरियो ।

**क) नव प्रवर्द्धन साझेदारी कोष सम्बन्धमा:-**

नव प्रवर्द्धन साझेदारी कोष निर्देशिका २०७८ बमोजिम आर्थिक वृद्धिका लागी परियोजना छनौट गरी अवधारण पत्र पेश गर्न मुख्य मन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट सूचना प्रकाशन भइसकेकोले सो अनुसार धरान उपमहानगपालिका भित्र धराने कालो वंगुर प्रवर्द्धन र तिन पाने कोदोको रक्सीलाई प्रवर्द्धन तथा उत्पादन प्रविधि प्रवर्द्धन गर्ने उद्देश्यले परियोजना अवधारणा पत्र तयार गरि पेश गर्ने निर्णय गरियो।

**ख) Bio Gas बाट टेम्पो सञ्चालन परीक्षणको लागि सहमति सम्बन्धमा:-**

धरान उपमहानगरपालिका, वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र भेन्चर वेष्ट टु ईनर्जी प्रा.लि. बिच त्रीपक्षीय सम्झौता भई धरान-६, पानवारीमा निर्माण गरिएको फोहोरमैला प्रशोधन केन्द्रबाट उत्पादित Bio Gas मल्टीफ्युलमा कन्भट गरि प्रेट्रोलबाट चलिरहेको टेम्पोलाई पेट्रोल र Compressed Bio Gas बाट समेत चल्ने गरी उक्त Bio Gas पचास (५०) वटा टेम्पोमा परीक्षण गरी सञ्चालन गर्न भेन्चर वेष्ट टु इनर्जी प्रा.लि. बाट सहमती माग भएको सम्बन्धमा आजको वैठकमा छलफल हुँदा धरान नगरको फोहोर मैला व्यवस्थापन गर्ने प्रयोजनका लागि उक्त फोहोरलाई प्रशोधन गरी उत्पादन भएको Bio Gas लाई पेट्रोलबाट सञ्चालन भईरहेका टेम्पोहरुमा प्रयोग गरि सञ्चालनमा ल्याउँदा धरान नगरमा केहि मात्रामा पेट्रोलियम पदार्थ खपत कमि आई सहज हुने साथै वातावरण प्रदुषणमा समेत कमि आउने भएकाले हाललाई माग बमोजिमको पचार(५०) वटा टेम्पोमा परीक्षण गरी टेम्पो सञ्चालन गर्न भेन्चर वेष्ट टु इनर्जी प्रा.लि. लाई सहमती प्रदान गर्ने निर्णय गरियो ।

**ग) कृषक सुचीकरण समिति गठन सम्बन्धमा ।**

यस उपमहानगरपालिका क्षेत्रमा रहेका कृषिजन्य पेशमा संलग्न समुह तथा व्यवसायीहरुको व्यवस्थापन तथा दिर्घकालीन बनाउन र सफल उद्यमिहरु उत्पादन तथा प्रवर्द्धनका लागि स्वीकृत किसान सुचीकरण कार्यान्वयन विधि २०७७ को दफा १८ मा व्यवस्था भए अनुसार उप प्रमुखज्यूको अध्यक्षयतामा तपसिल बमोजिमको किसान सुचीकरण कार्यक्रम कार्यान्वयन तथा समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

१. श्री मन्जु भण्डारी सुवेदी, उप्रप्रमुख, धरान उपमहानगरपालिका – अध्यक्ष
२. कृषि सहकारी संस्थाहरूमध्येवाट सहभागी कृषि सहकारी धरान ६, अध्यक्ष – सदस्य
३. उद्यमी कृषक श्री कृष्ण राई, धरान ४ – सदस्य
४. उद्यमी कृषक श्री पुण्य प्रसाद राई, धरान २० – सदस्य
५. कृषि उपज वजार धरान १३ वाट श्री , – सदस्य
६. कार्यपालिका सदस्यहरू मध्येवाट , श्री गिता पाख्रीन – सदस्य
७. वडा अध्यक्षहरू मध्येवाट श्री मणिराम राई, वडा नं. २०, – सदस्य
८. वडा अध्यक्षहरू मध्येवाट श्री सन्तोष लिम्बू , वडा नं. ५ – सदस्य
९. बीर्खराज राई, पशु सेवा शाखा – सदस्य सचिव

**घ) खरिद गुरूयोजना स्वीकृत गर्ने सम्बन्धमा ।**

संघीय सरकारको विशेष अनुदान र धरान उपमहानगरपालिकाको समपूरक कोषवाट व्यहोर्ने गरी बहु वर्षमा काम गर्ने गरी सम्बन्धीत महाशाखावाट पेश भएको तपशिलको खरिद गुरूयोजना स्वीकृत गरी पछाडि पानामा टाँस गरिएको छ ।

ङ) राम प्रसाद राई फाउण्डेसनलाई जग्गा संरक्षण गर्न अनुमति दिने सम्बन्धमा ।

राम प्रसाद राई फाउण्डेसनले यस उपमहानगरपालिकाको वडा नं. ४ खैरेनीमा बहुउद्देश्यी भवन निर्माण गर्नका लागि आर्गानिक कृषि भवनको उत्तर तर्फको खाली जग्गा माग गरेको र वडा कार्यालयबाट समेत उक्त जग्गा उपलब्ध गराउन सिफारिस भै आएकोमा उक्त जग्गा भविष्यमा निर्माण हुने सेउती करिडोरमा पर्ने सक्ने भएकाले उक्त जग्गा वा सो भन्दा अन्य उपयुक्त जग्गा खोज गरी उक्त फाउण्डेसनलाई उपलब्ध गराउँनें निर्णय गरियो।

आजको वैठक बेलुका : ५: ३० वजे समाप्त भयो ।

वैठकको निर्णय माईनटगर्ने : वरिष्ठ प्रशासकीय अधिकृत ,गणेश प्रसाद खतिवडा ।